नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

## आ.व. २०७६/७७ मा यस केन्द्र मार्फत् कार्यान्वयन हुने जैविक ऊर्जा प्रणालीहरु (सुधारिएको चुलो, ग्यासिफायर, घरेलु बायोग्यास, फोहोर बाट ऊर्जा, पाइपलाइन तथा बोटलिङ आदि) सम्बन्धि विभिन्न कार्यक्रमहरुको लागि माग संकलन सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६/०४/३१)

निवेदन बुझाउने अन्तिम मिति : २०७६/०५/२१

यस केन्द्रले आ.व. २०७६/७७ मा जैविक ऊर्जामा आधारित तपसिलमा उल्लेखित विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्ने लक्ष्य लिएको छ। सो को लागि इच्छुक स्थानीय तह, संघ संस्था, उपभोक्ता समिति, व्यक्ति, व्यवसायीहरु बाट उल्लेखित कागजातहरु सहित निवेदन आह्वान गरिन्छ।

| क्र.सं. | कार्यक्रमको विवरण | निवेदनका लागि योग्य संस्थाहरु | भौतिक लक्ष्य (संख्या) | आवश्यक कागजातहरु |
|---|---|---|---|---|
| १ | कृषिमा आधारित हेरी र लोक्ता प्रोसेसिङका लागि लागत साझेदारीमा संस्थागत ग्यासिफायर जडान | स्थानीय तह, सहकारी, व्यवसायी | २० | १. सम्बन्धित निकायको निवेदन।<br>२. पूर्व सम्भाव्यता अध्ययन फाराम (वेबसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस।<br>४. प्रणाली जडानको लागि लाग्ने खर्चको विद्यमान नवीकरणीय ऊर्जा अनुदान नीति अनुसारको लागत साझेदारी सुनिश्चितता आवेदक स्वयं वा सम्बन्धित स्थानीय तहले व्यहोर्ने प्रतिवद्धता पत्र। |
| २ | जैविक ऊर्जा मार्फत ग्यासिफायर तापिय प्रणाली जडानका लागि विस्तृत सम्भाव्यता अध्ययन | स्थानीय तह, सहकारी, व्यवसायी | १५ | १. सम्बन्धित निकायको निवेदन।<br>२. पूर्व सम्भाव्यता अध्ययन फाराम (वेबसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस। |
| ३ | १५०० मिटर भन्दा माथि उचाईका दलित, जनजाति, पिछडिएका तथा विपन्न घरपरिवारलाई धुवाँमुक्त घर कार्यक्रम अन्तर्गत दुई र तीन मुखे सुधारिएको चुलो जडान | स्थानीय तह | ४,००० | १. सम्बन्धित स्थानीय तहको निवेदन र सिफारिस।<br>२. विस्तृत माग फाराम (वेबसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु |
| ४ | दलित, जनजाति, लगायतका पिछडिएका घर परिवारलाई धुवाँमुक्त घर कार्यक्रम अन्तर्गत portable metallic चुलो वितरण | स्थानीय तह | १०,००० | १. सम्बन्धित स्थानीय तहको निवेदन र सिफारिस।<br>२. विस्तृत माग फाराम (वेबसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु |
| ५ | ठूला बायोग्यास परियोजनाको सम्भाव्यता अध्ययन | स्थानीय तह, सहकारी, कृषि फर्म, व्यवसायी | ५० | १. सम्बन्धित निकायको निवेदन।<br>२. पूर्व सम्भाव्यता अध्ययन फाराम (वेबसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस। |
| ६ | फोहरबाट बायोग्यास तथा प्राङ्गारिक मल उत्पादन गर्ने (बायोग्यास बोटलिङ्ग तथा पाइप लाइन विस्तार समेत) | स्थानीय तह, सहकारी, कृषि फर्म, व्यवसायी | १० | १. सम्बन्धित निकायको निवेदन।<br>२. पूर्व सम्भाव्यता अध्ययन फाराम (वेबसाइटबाट प्राप्तगर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस। |
| ७ | संस्थागत तथा सामुदायिक बायोग्यास प्लाण्ट जडान | स्थानीय तह, सहकारी, कृषि फर्म, व्यवसायी | १२० | १. सम्बन्धित निकायको निवेदन।<br>२. पूर्व सम्भाव्यता अध्ययन फाराम (वेबसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस।<br>४. प्रणाली जडानको लागि लाग्ने खर्चको विद्यमान नवीकरणीय ऊर्जा अनुदान नीति अनुसारको लागत साझेदारी सुनिश्चितता आवेदक स्वयं वा सम्बन्धित स्थानीय तहले व्यहोर्ने प्रतिवद्धता पत्र। |
| ८ | शहरी तथा व्यवसायिक बायोग्यास प्लाण्ट जडान | स्थानीय तह, सहकारी, कृषि फर्म, व्यवसायी | १०० | १. सम्बन्धित निकायको निवेदन।<br>२. पूर्व सम्भाव्यता अध्ययन फाराम (वेबसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस।<br>४. प्रणाली जडानको लागि लाग्ने खर्चको विद्यमान नवीकरणीय ऊर्जा अनुदान नीति अनुसारको लागत साझेदारी सुनिश्चितता आवेदक स्वयं वा सम्बन्धित स्थानीय तहले व्यहोर्ने प्रतिवद्धता पत्र। |

पूर्व सम्भाव्यता अध्ययन फारामको ढाँचा एवं यस कार्यक्रम सम्बन्धी सम्पूर्ण जानकारी यस केन्द्रको वेबसाइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ। उल्लेखित कार्यक्रमहरु नवीकरणीय ऊर्जा अनुदान नीति २०७३ तथा नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि २०७३ (यस केन्द्रको वेबसाइटमा समेत उपलब्ध रहेको) बमोजिम कार्यान्वयन गरिने व्यहोरा जानकारी गराईन्छ।

थप जानकारीको लागि

सम्पर्क ठेगाना

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

## सौर्य ऊर्जा शाखा अन्तर्गतका विभिन्न कार्यक्रमहरुको कार्यान्वयनका लागि आवेदन आव्हान गरिएको सूचना

*(प्रथम पटक प्रकाशित मिति : २०७६/४/३१)*
*निवेदन बुझाउने अन्तिम मिति : २०७६/५/२९)*

नेपाल सरकार, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आ.व. २०७५/७७ मा सौर्य ऊर्जामा आधारित विभिन्न सौर्य ऊर्जा प्रणाली प्रवर्द्धन कार्यक्रमहरु ल्याएको छ । जस अन्तर्गत निम्न बमोजिमका कार्यक्रमहरु रहेका छन् :

| क्र.सं. | कार्यक्रमको विवरण | लक्ष्य (संख्या) | आवश्यक कागजातहरु |
|---|---|---|---|
| १ | विद्युतको पहुँच नभएका गाउँपालिका तथा वडा कार्यालयहरुमा लागत साझेदारीमा सौर्य प्रणाली जडान | १०० | १. सम्वन्धित स्थानीय तहवाट निवेदन र पूर्व सम्भाव्यता अध्ययन फाराम (वेबसाइटवाट प्राप्त गर्न सकिने) मा माग गरिएको पूर्ण जानकारी र उल्लेख गरिएका कागजातहरु । |
| २ | कृषि सिंचाइका लागि सौर्य पम्प जडान | २०० | १. सम्वन्धित किसान वा व्यवसायिक संस्था वा उपभोक्ता समितिले निवेदन ।<br>२. पूर्व सम्भाव्यता अध्ययन फाराम (वेबसाइट वाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरुमा निर्दिष्ट फाराम भर्ने ।<br>३. प्रणाली जडानमा लाग्ने कूल खर्चको कम्तीमा ४०% व्यहोर्ने सुनिश्चितता पत्र (नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ अनुसार)<br>४ सम्वन्धित स्थानीय तहको सिफारिश |
| ३ | दलित, आदिवासी, जनजाति लगायतका लक्षित वर्ग, पिछडिएका वर्ग लगायतका लागि स्वच्छ ऊर्जाका कार्यक्रम अन्तर्गत सौर्य विद्युत प्रणाली **जडान** | १०,००० | पूर्व सम्भाव्यता अध्ययन फाराम (वेब साइटवाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु । |
| ४ | लागत साझेदारीमा ग्रामीण क्षेत्रका पाठशाला, स्वास्थ्य केन्द्र, सामुदायिक वा सरकारी अस्पतालहरुमासंस्थागत सौर्य विद्युत प्रणाली जडान | ५०० | १. सम्वन्धित संस्थाहरु वाट निवेदन र पूर्व सम्भाव्यता अध्ययन फाराम (वेबसाइटवाट प्राप्त गर्न सकिने) मा माग गरिएको पूर्ण जानकारी र उल्लेख गरिएका कागजातहरु ।<br>२. सम्वन्धित स्थानीय तहको सिफारिश |
| ५ | Grid Connected सोलार प्रवर्द्धनका लागि सहुलियत ऋण तथा ब्याज अनुदान मा सोलार रुफटप कार्यक्रम अन्तर्गत घरयासी, व्यवसायिक र औद्योगिक क्षेत्र मा सौर्य ऊर्जा प्रणाली जडान | केही | ग्रिड कनेक्टेड सौर्य ऊर्जा जडान गर्ने इच्छुक व्यक्ति, संस्था, उद्योग को निवेदन र केन्द्रको ढाँचामा सम्भाव्यता अध्ययन फाराम (वेबसाइट वाट प्राप्त गर्न सकिने) माग गरिएको पूर्ण जानकारी र उल्लेख गरिएको कागजातहरु |
| ६ | विद्युतको पहुँच नभएका क्षेत्रका सडक चुम्ती लगायतका दुर्घटनाग्रस्त स्थलहरु र सार्वजनिक स्थलहरुमा सौर्य सडकबत्ती जडान | २५ स्थानमा | १. सम्वन्धित स्थानीय तहवाट निवेदन र पूर्व सम्भाव्यता अध्ययन फाराम (वेबसाइटवाट प्राप्त गर्न सकिने) मा माग गरिएको पूर्ण जानकारी र उल्लेख गरिएका कागजातहरु । |

माथि उल्लेखित कार्यक्रममा सहभागी हुन इच्छुक आवेदनकर्ताहरुले आफुले गर्न चाहेका कार्यक्रम स्पष्ट रुपमा खुलाई निर्दिष्ट गरे बमोजिमका कागजातहरु सहित मिति २०७६/५/२९ भित्र केन्द्रमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति/उपभोक्ता समिति/संघसंस्था सामुदायिक संस्थाहरुले सम्वन्धित स्थानीय तहको सिफारिस सहित आवेदन दिनुपर्नेछ । माथि उल्लेखित कार्यक्रमहरु यस केन्द्रको प्रचलित नीति तथा कार्यविधि (यस केन्द्रको वेबसाइटमा उपलब्ध छ ) बमोजिम कार्यान्वयन गरिने छ । यस कार्यक्रममा सहभागी हुन यस अगाडि माथि उल्लेखित कार्यक्रम मार्फत कुनै प्रणाली जडान नभएको सुनिश्चितता सम्वन्धित स्थानीय तह मार्फत हुनुपर्नेछ ।

सम्पर्क ठेगाना
सौर्य ऊर्जा शाखा
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
खुमलटार हाइट, ललितपुर, पो.ब.नं. १४३६४
फोन नं. ९७७-१५५२९३९०/१५५३९३९१
इमेल: info@aepc.gov.np
sec@aepc.gov.np